# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## याङवरक गाउँपालिका
## पाँचथर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १**

पत्र संख्याः २०७८।७९
च.नं. ५२०

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

**कैफियतसहितको राय**

हामीले याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.२ करोड ७७ लाख ५८ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. २ करोड ७५ लाख २९ हजार फस्योंट भई रू.२ लाख २९ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू.७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष रु.२ करोड २४ लाख ८९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड २७ लाख १८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ *संलग्न छ* ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पद्मप्रसाद आचार्य )
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

याङवरक गाउँपालिका, पाँचथर

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | १४ | २७७५८ | ० | ११ | २७५२९ | ६६ | ३ | २२९ | ७४ | | १५५ | ० | ० | १५५ | |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| याङवरक गाउँपालिका | २२४८९ | ० | ० | २२४८९ | ० | २२९ | २२७१८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : याङवरक गाउँपालिका, पाँचथर , याङवरक गाउँपालिका , पाँचथर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | रोहिणी आचार्य | २०७६-१०-१२ | |
| कार्यालय प्रमुख | सुमन लिङदेन (लिम्बु) | २०७८-९-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चन्द्र कुमार थापा | २०७६-१-१० | |
| | | **बेरुजु रकम** | २२८,९४९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,५७,४१,३७६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६,४६,०७,५८० | चालु खर्च | २४,१०,२७,३६५ |
| प्रदेश सरकारबाट अनुदान | १,८५,०१,०३३ | पूँजीगत खर्च | ९,८०,७४,३७६ |
| राजश्व बाँडफाँट | ७,१०,६८,४८५ | वित्तीय/अन्य व्यवस्था | ४,५५,५१,३१० |
| आन्तरिक आय | ४८,६८,९२९.२८ | | |
| अन्य आय | ५,८३,२३,८९० | | |
| कुल आय | ४१,७३,६९,९१७.२८ | कुल खर्च | ३८,४६,५३,०५१ |
| बाँकी मौज्दात | | ५,८४,५८,२४१.९६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | परिचय | |

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न याङ्वरक गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको याङ्वरक गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर, जनसंख्या १८,११४ र वडा संख्या ६ रहेको छ।

**लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा कर्मचारीला्इ बढी भुक्तानी भएको तलब रकम रु. 36,000।०० स्थानिय सञ्चित कोष दाखिला भएको छ।

**स्थानीय सञ्चित कोषः-** पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार पालिकाको आर्थिक वर्ष २०७7।78 को स्थानीय सञ्चित कोषको आय व्यय विवरण निम्नानुसार रहेको छ।

**आर्थिक कारोबारको स्थिति**

| विवरण | टिप्पणी | यसवर्षरु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेकोप्राप्ति /भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा | आफैलेगरेकोप्रा /भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| प्राप्ती) क+ख( | | ५१२५९०४६७ | ४२५९६९९१५.८४ | | ४२५९६९९१५.८४ | ३७,२८,१६,४९४.५० | २१,००० | ३७,२८,३७,४९४.५० |
| क .प्राप्ति) संचितकोषमाआम्दानीबाँधिने( | | ४२,०५,७८,२३० | ३६७६४६०२५.६० | ० | ३६७६४६०२५.६० | ३२,३९,५९,९५०.५० | २१,००० | ३२,३९,८०,९५०.५० |
| ११०००कर | ११ | ७,६६,००,६९० | ७,१०,६८,४८४.५६ | ० | ७,१०,६८,४८४.५६ | ४,७७,५१,९३२.४९ | ० | ४,७७,५१,९३२.४९ |
| १३०००अनुदान | | ३४,१६,३७,५४० | २९२४०८६१३ | ० | २९२४०८६१३ | २७,३५,५३,७८०.२० | २१,००० | २७,३५,७४,७८०.२० |
| संघीयसरकार | १२ | ३२,२१,७८,५४० | २७३२०७५८० | ० | २६४६०७५८० | २३,३२,५१,७२१.२० | २१,००० | २३,३२,७२,७२१.२० |
| प्रदेशसरकार | १२ | १,८७,५९,००० | १,८५,०१,०३३ | ० | १,८५,०१,०३३ | ३,९७,७७,०५९ | ० | ३,९७,७७,०५९ |
| अन्तरिकश्रोत | १२ | ७,००,००० | ७,००,००० | ० | ७,००,००० | ५,२५,००० | ० | ५,२५,००० |
| १४०००अन्यराजस्व | | २२,४०,००० | ३८,६७,०८७.२८ | ० | ३८,६७,०८७.२८ | २६,५४,२३७.८१ | ० | २६,५४,२३७.८१ |
| १५०००विविधप्राप्ति | | १,००,००० | ३०१८४२ | ० | ३०१८४२ | ० | ० | ० |
| ख .अन्यप्राप्ति | | ७२४४२२३७ | ५८३२३८८९.५० | | ५८३२३८८९.५० | ४,८८,५६,५४४ | | ४,८८,५६,५४४ |
| वितरणगर्नबाकीराजस्व | | ० | ० | ० | ० | ० | ० | ० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,३४,५०,२३७ | ५९४७७३१.५० | ० | ५९४७७३१.५० | ५४,१८,४६९ | ० | ५४,१८,४६९ |
| धरौटी | | ० | २४,३६,८९२ | ० | २४,३६,८९२ | ४,११,२७० | ० | ४,११,२७० |
| अन्तर | | ५८९९२००० | ४९९३९२६६ | ० | ४९९३९२६६ | ४,३०,२६,८०५ | ० | ४,३०,२६,८०५ |
| भुक्तानी) ग+घ( | | ४९,५४,४८,९११ | ३९३२५३०४९.७८ | | ३९३२५३०४९.७८ | ३४,७६,२४,८८३.६० | २१,००० | ३४,७६,४५,८८३.६० |
| ग .भुक्तानी) सञ्चितकोषबाट( | | ४४,२७,१७,६७४ | ३३,९१,०१,७४८ | | ३३,९१,०१,७४८ | ३०,१८,२०,८८१.६० | २१,००० | ३०,१८,४१,८८१.६० |
| २१०००पारिश्रमिक / सुविधा | १८ | १४,८४,५१,५४० | १३,२८,२२,९९७ | ० | १३,२८,२२,९९७ | १२,७३,०१,६१२.६० | ० | १२,७३,०१,६१२.६० |
| २२०००मालसामानतथासेवाकोउपयोग | १८ | ६,७०,२२,५०५ | ४,२७,०७,८६४ | ० | ४,२७,०७,८६४ | २,६७,९३,०८२ | २१,००० | २,६८,१४,०८२ |
| २५०००सहायता) Subsidy) | १८ | १,९४,०४,५०० | १,५१,३८,४७४ | ० | १,५१,३८,४७४ | १,७४,५१,९७१ | ० | १,७४,५१,९७१ |
| २६०००अनुदान | १८ | ५,९१,८३,००० | ३,८४,८१,१११ | ० | ३,८४,८१,१११ | ७०,४०,२१४ | ० | ७०,४०,२१४ |
| २७०००सामाजिकसुरक्षा | १८ | १,२२,६०,००० | १,०३,९६,८१५ | ० | १,०३,९६,८१५ | २०,९४,४९३ | ० | २०,९४,४९३ |
| २८०००अन्यखर्च | १८ | २६,९९,००० | १४,८०,११४ | ० | १४,८०,११४ | १०,२५,१७५ | ० | १०,२५,१७५ |
| ३१०००गैरवित्तीयसम्पत्ती/ पूँजीगतखर्च | १८ | १३,३६,९७,१२९ | ९,८०,७४,३७३ | ० | ९,८०,७४,३७३ | १२,०१,१४,३३४ | ० | १२,०१,१४,३३४ |
| घ .अन्यभूक्तानी | | ७२४४२२३७ | ५४१५१३०१.७८ | | ५४१५१३०१.७८ | ३४,७६,२४,८८३.६० | २१,००० | ३४,७६,४५,८८३.६० |
| कोषहरु | | १,३४,५०,२३७ | ३८,२५,८५९ | ० | ३८,२५,८५९ | २५,६७,५२२ | ० | २५,६७,५२२ |
| धरौटी | | ० | ३,९३,११५ | ० | ३,९३,११५ | २,०९,६७५ | ० | २,०९,६७५ |
| संघीयसरकारअन्तरसरकारी | | ५८९९२००० | ४९९३९२६६ | ० | ४९९३९२६६ | ४,३०,२६,८०५ | ० | ४,३०,२६,८०५ |
| कट्टीरकमभुक्तानी/ दाखिलागर्नबाकी | | | -६९३९.७८ | | -६९३९.७८ | | | |
| ङ .योवर्षकोबचत) न्युन( | | | ३२७१६८६६.०६ | | ३२७१६८६६.८४ | २,५१,९१,६१०.९० | | २,५१,९१,६१०.९० |
| च .गतवर्षकोजिम्मेवारीरकम) अ.ल्या( | | | २,५७,४१,३७५.९० | | २,५७,४१,३७५.९० | ५,४९,३९० | | ५,४९,३९० |
| संचितकोष | | | २२१३९४४४ | | २२१३९४४४ | | | |
| धरौटी | | | ७५०९८५ | | ७५०९८५ | | | |
| कोषहरु | | | २८५०९४७ | | २८५०९४७ | | | |
| वर्षान्तकोबाकीरकम) ङ + च( | | | ५८४५८२४1.9६ | | ५८४५८२४1.9६ | २,५७,४१,३७५.९० | | २,५७,४१,३७५.९० |
| बैंककारोबारमाभिन्नता | | | | | | | | |
| बैंकतथानगदबाकी | २४ | | ५८४५८२४1.9६ | | ५८४५८२४1.9६ | २,५७,४१,३७५.९० | | २,५७,४१,३७५.९० |

उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एव अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतला ्इ आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिना ्इ जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पालिकाले निर्क्यौल गरेको जोखिममा आधारित

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलार्इ प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नअनुसार छः | |
| १.१ | | | **आर्थिक विवरणः-** गाउँपालिकाले दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ। सोअनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन् भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्याकन गर्न सकिने अवस्था रहेको छैन। | |
| १.२ | | | **बैंक मौज्दात:-** श्रेष्ता अनुसार र बैकअनुसार मौज्दात भिडान हुनुर्दछ। यस बर्ष श्रेस्ता अनुसार बैंक मौज्दात रु. 5,84,58,242।06 देखिएकोमा बैंक अनुसार रु. 5,85,13,314।06 मौज्दात देखिएकोले श्रेष्ताअनुसार भन्दा बैंक अनुसार कूलमौज्दात रु. 55072। बढी देखिएको छ। त्यसैगरी स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा श्रेष्तानुसार 10,000। बैक घटी देखिएको र स्थानिय तह आकस्मीक कोष खातामा श्रेस्तानुसार भन्दा बैक अनुसार रु. 65,072। बढी देखिएको छ। बैक र श्रेस्ता अनुसार बैक भिडान नहुनुको कारण पत्ता लगार्इ हिसाब मिलान गर्नुपर्ने र बैक बढी रकम आम्दानी बाध्नुपर्ने देखिन्छ। | |

| **खाताको प्रकार** | **बैकं अनुसार मौज्दात** | **श्रेष्ता अनुसार बैक मौज्दात** | **फरक मौज्दात** |
|---|---|---|---|
| स्थानीय संचितकोष | 50689621.56 | 50689621.56 | 00.00 |
| आकस्मिक कोष | 1815758.00 | 1750686.00 | 65072 |
| धरौटी | 2794762.00 | 2794762.00 | 00.00 |
| प्रकोप | 513224.00 | 523224.00 | (10000) |
| विविध | 2699948.50 | 2699948.50 | 00.00 |
| **जम्मा** | **58513314.06** | **58458242.06** | **55072** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १.३ | | | **सोझै भुक्तानीः**- शर्शत चालु अनुदानको रकम वर्षान्तसम्म खर्च नभएमा सम्बन्धित संचित कोषमा फिर्ता गर्नुपर्दछ। स्वीस सरकारबाट साना सिचाँइ योजनाका लागि कोष तथा लेखा नियन्त्रक पालिकामार्फत निकासा नभँइ सोझै स्थानिय संञ्चित कोषमा रु. 2496000। प्राप्ति भएकोमा पालिकाले एकिकृत आयव्यय विवरणमा आन्तरिक श्रोतमा बाधेकोमा खर्च नभँइ बाकी रकम आर्थिक वर्ष 2078/79 का लागि जिम्मेवारी अ.ल्या. गरेको देखियो। शर्सत चालु शिर्षकको रकम वर्षान्तमा खर्च नभँइ बाकी रहन गएमा फ्रिज हुने भएपनि पालिकाले फिर्ता नगरी राखेकोले सम्बन्धित खातामा फिर्ता गर्नुपर्ने देखिएको रु<br>**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु २४९६०००/- असुल प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको** ) | |
| १.४ | | | **दाखिला गर्न बाँकीः**- भुक्तानी गर्दा नियमानुसार कट्टी गरी राखेको रकम दाखिला गर्नुपर्दछ। एकिकृत आयव्यय विवरण अनुसार रु. 6,939।78 कट्टी रकम दाखिला गर्न बाँकी देखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ६,९३९.७८ |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्नेमा यातायात गुरुयोजना तयार गरेको देखिएन<br>• स्वीकृत वार्षिक कार्यक्रम अनुसार पालिकाद्वारा सञ्चालन गरिने बिभिन्न कार्यक्रमहरु सञ्चालनका लागि के कति वजेटको व्यवस्था भई कुन कुन समयमा सञ्चालन गरिनु पर्ने हो र त्यस्ता कार्यक्रमहरु सञ्चालन भएको अभिलेख देखिने गरी कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित पालिकाले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणपश्चात प्रतिवेदन पेश गर्नुपर्नेमा भ्रमण अभिलेख राखेको छैन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन<br>। • वडा पालिकामा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व पालिकालाई नदिएको तथा इ टीडिएस समेत गरेको छैन।<br>• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि पालिका प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा खरिद भएका मालसामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बजेट पेश गर्ने तथा पारित गर्ने**<br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७।३।१0 गते गाउँसभामा पेश भाइ पारित भएको छ। | |
| ४ | | | **खर्च गर्ने अख्तियारी र कार्यविधि**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। सभाबाट बजेट मिति २०७।३।१0 मा स्वीकृत भएकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति २०७।४।१ मा प्रदान गरेको देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट अवण्डा राखेको**<br>स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ। पालिकाले गाउँसभाबाट २०७7।७8 को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी अध्यक्ष उपाध्यक्षबाट बाडफाँड हुने पूर्वाधार योजना रु. 61,77,912। बजेट विनियोजन गरी अवण्डा राखेको छ। गाउँसभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने र स्वविवेकिय आधारमा योजना बाँडफाँड गर्न नपाइने हुँदा गाउँसभाबाट नियममा तोकिएवमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ। | |
| ६ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवद्यिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था छ। तर पालिकाले सानो प्रकृतिका रु. ५ लाख भन्दा घटीका 123 वटा रु. 2 करोड 13 लाख 26 हजारका योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मुल्याङ्कन बेगर छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ। सो सम्बन्धी उदाहरण देहायअनुसार छनः- | |

| **क्र.स.** | **कार्यक्रम आयोजनाको नाम** | **5 लाख भन्दा कमको योजना संख्या** | **विनियोजन रकम (रु. हजारमा)** |
|---|---|---|---|
| 1. | खेलकुद तथा मनोरञ्जन | 3 | 770 |
| 2. | खानेपानी | 17 | 2550 |
| 3. | संस्कृति प्रर्वधन | 13 | 2250 |
| 4. | सहकारी | 1 | 80 |
| 5. | शिक्षा | 10 | 1340 |
| 6. | स्वास्थ्य | 2 | 200 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 7. | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | 1 | 100 | |
| | | | | 8. | प्राथमिकताका आयोजना | 1 | 500 | |
| | | | | 9. | सिचाँइ | 8 | 535 | |
| | | | | 10. | उर्जा लद्यु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | 2 | 250 | |
| | | | | 11. | वन तथा भुसंरक्षण | 1 | 400 | |
| | | | | 12. | जलधार संरक्षण | 2 | 350 | |
| | | | | 13. | भवन तथा सहरी विकास | 8 | 2050 | |
| | | | | 14. | वडा योजनाहरु | 54 | 9951 | |
| | | | | | **जम्मा** | **123** | **21326** | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>तेश्रो चौमासिक तथा असार महिनाको खर्च<br>स्विकृत वार्षिक कार्यक्रमको लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी खर्च गर्नु पर्दछ। वार्षिक कार्यक्रम तथा अख्तियारीअनुसार पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा तोकिएको लक्ष्य भन्दा फरक हुने गरी पूजिगत खर्च गरेको देखियो। प्रथम चौमासिकमा 12.93 प्रतिशत, दोश्रो चौमासिकमा 20.97 प्रतिशत र तेस्रो चौमासिकमा 66.08 प्रतिशत साथै अषाढ महिनामा 29.08 प्रतिशत गरेको कारण तेश्रो चौमासिकमा र आषाढ महिनामा बढी खर्च हने गरेको देखिन्छ। तेश्रो चौमासिक एवं वर्षान्तमा बढी खर्च हुदाँ कामको गुणस्तर तथा सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। अतः तोकिएको लक्ष्य अनुरुप खर्च गर्नुपर्दछ।<br>
<table>
<tr><th rowspan="2">बजेटउपशिर्षक</th><th rowspan="2">कुलखर्च</th><th colspan="4">चौमासिकखर्च</th></tr>
<tr><th>प्रथमचौमासिक</th><th>दोस्रोचौमासिक</th><th>तेश्रोचौमासिक</th><th>आषाढमहिना</th></tr>
<tr><td>पूँजिगतखर्चतर्फ</td><td>98074373</td><td>12688684</td><td>20574847</td><td>64810842</td><td>28521098</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>12.93</td><td>20.97</td><td>66.08</td><td>29.08</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कर्मचारी व्यवस्था<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ७८ रहेपनि पदपूर्ति १९ रहेको देखियो। १२ अधिकृतसहित ५२ पद रिक्त रहेक ोले सेवा प्रवाहमा असर परेको देखिन्छ। ती मध्ये २३ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ। पदपूर्तिका लागि प्रदेश लोकसेवामा माग गरी पठाएको देखिन्छ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। .</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **नक्सा पास नभएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धी काम कारबाही भएको छैन। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। | |
| ११ | | | **वन पैदावार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित सम्बन्धित गाउँपालकिा सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ। | |
| १२ | | | **बक्यौता रकम असुली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन। आय ठेक्का, सम्पत्ती बिक्रि, मालपोत, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन। उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ। | |
| १३ | | | **कर रकम असुली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुली गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। पालिकाले मालपोत, शुल्क र अन्य शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेकोले असुल गर्न वाँकी करहरु यकिन गर्न सकिएन। तसर्थ असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>व्यवसाय कर<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाको पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको देखिन आएन। व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन। यस गाउँपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायरामा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>न्याय सम्पादन<br>पालिकाबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको पाईयो।
<table>
<tr><th>उजुरीकोप्रकार</th><th>गतआ.वमाफछ्र्यौटगर्नबाँकी</th><th>योआ.वमाथप</th><th>योआ.वमाफछ्र्यौट</th><th>फछ्र्यौटबाँकी</th><th>फछ्र्यौटनहुनाकोकारण</th></tr>
<tr><td>जग्गाकिचलो</td><td>-</td><td>१</td><td>१</td><td>-</td><td>-</td></tr>
<tr><td>घरेलुहिसा</td><td>-</td><td>१</td><td>१</td><td>-</td><td>-</td></tr>
<tr><td>लेनदेन</td><td>-</td><td>१</td><td>१</td><td>-</td><td>-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। कोषको व्यवस्था अनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। गाँउपालिका अन्र्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोषमा गत वर्षको मौज्दात रु. ८,४१,७७३।०० र यस वर्षको निकासा रु. ८,००,०००।०० गरी रु. १६,४१,७७३।०० मौज्दात रहेको छ । ऐनमा भएको व्यवस्थाको पालना गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १७ | | | **कर्मचारी सुविधा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। गाउँपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबको अतिरिक्त खाजा खर्चसमेत आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएको हुँदा २०७७।७८ मा गरेको उक्त खर्च रु. २७७०००। नियम संगत देखिएन। | |
| १८ | | | **स्थानीय भत्ता**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ। कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन। पालिकाबाटै एकिन गरी दैनिक भत्ता उभयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **चालु प्रकृतिको खर्च**<br>पूँजीगत रकमबाट चालु प्रकृतिका तलब, भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन र चन्दा पुरस्कार दिन नपाइने र पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्नेमा गाउँसभाले नियम विपरीत चालु प्रकृतिका कार्यमा विनियोजन गरी खर्च लेखेकोले नियमसम्मत देखिएन। तसर्थ तोकिएबमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा पूँजीगत खर्च गर्नुपर्दछ। चालु प्रकृतिका खर्च पूजीगत कोषबाट भएका केही उदाहरण देहायअनुसार छन।<br><br>**सि.नं.** \| **कार्यक्रमको नाम** \| **रकम**<br>1. \| सिद्धेश्वर मन्दिर सञ्चालन व्यवस्थापन अनुदान \| 100000.00<br>2. \| खेलकुद तथा मनोरञ्जन \| 800000.00<br>3. \| पलिका स्तरीय खेलकुद कात्रक्रम वडानं. २ \| 200000.00<br>4. \| खेलकुद विकास कार्यक्रम \| 200000.00<br>5. \| खेलकुद विकास कार्यक्रम \| 150000.00<br>6. \| खेलकुद विकास कार्यक्रम \| 100000.00<br>7. \| खेलकुद विकास कार्यक्रम \| 2000000.00 | |
| २० | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ को प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्थाअनुसार याङ्वरक गाउँपालिकाले पदाधिकारीको सुविधाबापत रु. 50,22,000। भुक्तानी गरेको छ। | |
| २१ | | | **ननफाइलर** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व पालिकालाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यबसायी, आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नहुदाँ ननफाइलर देखिएकोले मूल्य अभिबृद्धि कर रु. 12,73,180।06 समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर असूल हुनुपर्ने रु. | |

| **भौ.नं./मिति** | **संस्थाकोनाम/ स्थायीलेखानम्बर** | **कामकोविवरण** | **बिजकनं./मिति** | **भुक्तानीरकम** | **मु.अ.कर** | **नन्फाइलरमिति** |
|---|---|---|---|---|---|---|
| 81-077/11/07 | शक्तिश्वरी कन्ट्रक्सन (609614497) | दारिम्बा,सिरिसे, सुनुवारगोलाइ, एसेलु, कालोपानी सडक स्तउन्नती | 010-077/11/5 | 801883.99 | 92252.14 | 077 कार्तिक |
| 85-077/11/26 | | होक्मा च्याङथापु मोटरबाटो निर्माण | 012-077/11/5 | 99405 | 11436 | |
| 86-077/11/26 | | ढिङगेपुर टावरडाडा मो.बा. निर्माण | 012-077/11/23 | 90369 | 10397 | |
| 90-077/11/22 | | जुकेपानी सिङदेल खरेगाउँ सडक निर्माण | 011-077 | 241833 | 27821 | |
| 94-077/12/2 | | मध्यपहाडि खाम्चेलिङ्ग बरबुड माराम चपाखु | 014-077/11/15 | 146067 | 16804 | |
| 105-077/12/5 | | अधिकारीटोल क्याम्पस कोलबोटे मो.बा. | 015 | 1166665 | 134219 | |
| 126-078/1/2 | | नाम्रेक नखेवा टावरडाडा मेमेङ तिन समाना मो.बा. | 017-077/12/31 | 693300 | 79760 | |
| 128-078/1/3 | | च्यानडाडा याङसिबुङ्ग खोल्सा सडक | 018-077/12/31 | 50344.5 | 5791.9 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मर्मत | | | | | |
| | | | | | ओयाम बजारबाट गैरीगाउँ जाने मो.बा. निर्माण | 019-078/1/3 | 226426.3 | 26049.03 | | |
| | | | 130-078/1/3 | | यलम्बरचोक इन्द्रावती गुप्तेश्वर महादेवस्थान सडक निर्माण | 022-077/12/17 | 1172329.8 | 134869.8 | | |
| | | | 139-078/1/7 | | स्वास्थ्य चौकी केन्द्र भेडिचोक सेपी हेदै टिम्बुरे सडक नर्माण | 023-078/1/7 | 371600 | 42751 | | |
| | | | 146-078/1/13 | | टुनीबोट खेलमैदान तथा मोटरबाटो निर्माण | 027/078/1/9 | 238109.05 | 210727.75 | | |
| | | | 187-078/3/1 | | फुङसेबुङ निगाले माङहिन मो.बा. निर्माण | 030-078/2/25 | 291744 | 33573 | | |
| | | | 188-078/3/1 | | लहरेबास हिटिधारा जाने मो बा स्तरउन्नती | 028-078/2/25 | 294433 | 33073 | | |
| | | | 192-078/3/2 | | सालडाँडा खाम्चेलिङ बासघारी सडक निर्माण | 032-078/2/24/ | 176449.9 | 20299 | | |
| | | | 204-078/3/8 | | सिरिसे देविस्थान मो.बा. निर्माण | 033-078/2/8 | 197859.6 | 22762.61 | | |
| | | | 246-078/3/24 | | चिहानडाडा धिमाले मो.बा. | 037-078/3/24 | 214368.99 | 24661 | | |
| | | | 32- | | | 001- | 106920 | 12300 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 077/9/5 | | च्याङथापु खोलाघारी चत्रे लामपोखरी सडक उ स | 077/8/29 | | | | | |
| | | | | 58-077/10/14 | | कुवापानी सुर्यप्रभात सडक उ.स. | 004-077/5/19 | 278911.9 | 32087 | | | |
| | | | | 56-077/10/13 | | बासघारी सुमारो सडक स्तरोन्ती योजना | 006-077/9/26 | 255546.03 | 29399.10 | | | |
| | | | | 105-077/12/5 | | अधिकारी टोल क्यापस रोलबोटे मो.बा. स्तरोन्ती | 015- | 1166665.20 | 134219 | | | |
| | | | | 87-077/11/26 | क्यापिटल टेक्नोलोजि मल्टिप्रपोज कन्स्ट्रक्शन (6001342400) | बरडाडा कोदोलक मो.बा. | 16-077/11/23 | 186963.6 | 21509.1 | 2077 माघ | | |
| | | | | 91 | | गणेश मा.वि. खेलमैदान स्तरोन्नति | 017-077/11/25 | 28000 | 3221.2 | | | |
| | | | | 6-078/3/25 | | | 26-2078/3/24 | 99400।00 | 11435।00 | | | |
| | | | | 078/3/11 | | शिक्षा निकेतन आधारभुत खेलमैदान निर्माण | 26-078/3/11 | 204315.1 | 23505.1 | | | |
| | | | | 54-077/10/12 | | रामेते वाग्लेटोल मोटरबाटो निर्माण | 11-077/10/11 | 203775 | 23443.2 | | | |
| | | | | 46-077/9/24 | | सिबुबटार भारतीडाडा हुदै परेवा घुम्ति मोटर बाटो स्तरोन्ती | 10-077/9/1 | 485057.80 | 55895.15 | | | |
| | | | | 42-077/9/20 | | ओखलढुङ्गा तारे मोटरबाटो स्तरोन्ती | 5-077/9/8 | 90000 | 10353.98 | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | | **1273180.06** | |

**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु १४९३६३.८३/- प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको र च न. ३४९ मिति २०७९-०२-३१ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु ११२३८१६.८८/- प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको )**

२२

**आयकर चुक्ता नभएको**

आयकर ऐन, 2058 अनुसार अघिल्लो वर्षको आयविवरण म्याद थप भएकोमा समेत पौष मसान्तभित्र बुझाई कर चुक्ता लिनुपर्ने व्यावस्था छ। यस वर्ष देहायका निर्माण व्यवसायीले कर चुक्ता नलिएको अवस्थामा उपभोक्ता समिति मार्फत खरिद कार्य गरी रु. 269328।2 भुक्तानी गरेको देखिएकोले नियमित नभएको रु.

| **गो.भौ.नं./ मिति** | **योजना** | **ब.ख.** | **निर्माण व्यावसायी** | **विजक नं./ मिति** | **बिल रकम** | **मू.अ.कर** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| 25-077/8/15 | फलामे धारा देखी देवीस्थान सडक मर्मत | 250000 | न्यौपाने ट्रेर्ड कर्न्सन हिलिहाङ(303174480) | 104-077/7/8 | 62833.32 | 8168.32 | 71001.90 |
| 38-077/9/16 | नागदह मोटरबाटो स्तरोन्नती उ.स. | 200000 | याङबरक कन्स्ट्रक्सन एण्ड सप्लायर्स याङबरक | 04-077/9/1 | 175510 | 29816.3 | 198326.3 |
| | | **जम्मा** | | | **238343.32** | **30984.63** | **269328.2** |

**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु २६९३२८.२०/- प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको )**

२३

**रितपूर्वकको कर बीजक नभएको**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (1) तथा मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (1) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ। यस वर्ष देहायका निर्माण व्यावसायी र आपूर्तिकर्ताले कर बिजक जारी गर्दा निम्न बमोजिमको त्रुटी गरेकोले मु.अ.कर दाखिला वा समायोजन भएको यकिन नहुँदा सो प्रमाण पेश गर्नु पर्ने अन्यथा मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु. | |

| सि.नं. | गौ.भौ.नं./मिति | निर्माणव्यावसायी /आपूर्तिकर्ता | बिल मिति | भुक्तानीरकम | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| | 299-2078/1/22 | बुद्ध एग्रोभेट | 2078/2/22 | 262499 | 0 | बिजकहातलेसच्चाएको |
| | 14-078/1/28 | हिमतारा आ.के जे भि(613314718) | 7-078/1/27 | 2291086.48 | 263576.32 | बिजकहातलेसच्चाएको |
| | 27-078/3/26 | | 8-078/3/27 | 3324302 | 350229.45 | बिजकहातलेसच्चाएको |
| | 155-078/1/28 | | 5-078/1/27 | 7399864.31 | 851311.82 | बिजकहातलेलेखेको |
| | 158-078/1/28 | | | | | |
| | 160-078/1/28 | | 1-078/1/27 | 12872605.73 | 1480919.24 | बिजकहातलेलेखेको |
| | 161-078/1/28 | | | | | |
| | 162-078/1/28 | | | | | |
| | 2-078/1/29 | | | | | |
| | **जम्मा** | | | **26150357.52** | **2946036.83** | |

**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु २९४६०३६.८३/- असुल प्रमाण पेश भएको आधारमा फस्योंट गरिएको )**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **हेभी मेशीन प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा एक्साभेटर, डोजर, जस्ता हेभी मेशीन प्रयोग गर्न नपाइने र लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने र प्रावधान विपरीत हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने प्रावधान समेत छ। उपभोक्ता समितिमार्फत गरिने निर्माण कार्य श्रममूलक, वातावरणलाई असर नपर्ने र लाभग्राही समुहको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने हुनुपर्ने देखिन्छ। जटिल प्रकृतिको र हेभी मेशीनको प्रयोग हुने योजनाको काम उपभोक्ता समितिबाट गराउन नमिल्ने भएपनि लागत अनुमान तयार गर्दा हेभी मेशीनको प्रयोग गर्ने गरी गरेकोले कानुनसम्मत नभएको र मेशिन प्रयोग गर्दा प्राविधिको स्विकृति लिएको समेत देखिएन। उपभोक्ता समितिसँग निर्माण कामको लागि भएको सम्झौतामा डोजर/एस्काभेटर प्रयोग गरेको भाडा भुक्तानीको बिल पेश भएकोमा प्रयोग भएको घण्टाको आधारमा सम्पन्न हुनुपर्ने कामको परिमाण नखुलेको र जिल्लादररेट अनुसार प्रति घ.मी. को दररेटका आधारमा लागत अनुमान खर्च लेखेकोले डोजर/एक्साभेटरको भाडा तुलना गर्न सकिएन। पालिकाले डोजर/एक्साभेटरको क्षमता र कामको परिमाणबीच तुलना गरेर मात्र भुक्तानी गर्नुपर्दछ। | |
| २५ | | | **निर्देशिकाको पालना**<br>स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट पालिकाको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष 1 थान मोटरसाइकल खरिद गरी रु. 262202।00 खर्च गरेको छ। | |
| २६ | | | **तालिम सञ्चालन**<br>तालिम सञ्चालनको लागि नर्मश स्वीकृत वा अर्थ मन्त्रालको कार्य सञ्चालन निर्देशिका, 2075 बमोजिम तालिम सञ्चालन हुनुपर्दछ। विगतका वर्षदेखि नै विभिन्न प्रकारका तालिम वर्षैपिच्छे हुने गरेकोमा अद्यावधिक अभिलेख नराखेको, लाभग्राहीको छनौट पारदर्शी नभएको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा लगायतमा बढी खर्च गरेको आदि जस्ता कारणले तालिममा अनावश्यक खर्च हुने गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन। गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक तालिममा लगानी गर्नुपर्ने देखिन्छ। | |
| २७ | | | **डीपीआर खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(2) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र साथै प्याकेजिङ्ग गरी बोलपत्रको माध्यमबाट समेत खरिद गर्न सकिनेमा नियम 72 बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरी 20 लाख रुपैया भन्दा घटिको लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरेको एवं स्वीकृत बजेटको हाराहारीमा खर्च भएकोले खरिद मितव्यायी र पारदर्शी देखिदैन।

| **कार्य विवरण** | **परामर्श दाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
| --- | --- | --- | --- | --- |
| बर्थिङ सेन्टर भवन याङवरक२ | र कवर्ड हल याङवरक५ राप्ती मेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | 10,00,000.00 | 9,95,700.00 | ! s/f]8 @% nfv<br>/ @ s/f]8 () nfv |
| ढाड गाउँदेखि कावेली घाट सडक ड्रिम इन्जिनियर्स प्रा.लि. | १५ शैया अस्पताल याङवरक राप्तीमेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | 5,00,000.00 | 5,00,000.00 | ## s/f]8 %@ nfv |
| निशान कालिका धाम याङवरक पोखरीराप्ती मेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | निशान कालिकाधाम प्रारम्भिक वातावरणीय अध्ययनपब्लिक इन्जिनियरिङ एण्ड इन्भारोमेन्ट कन्सल्ट प्रा.लि. सुनसरी | 18,00,000.00 | 17,98,600.00 | @$ s/f]8 (( nfv |
| बर्थिङ सेन्टर भवन याङवरक२ | र कवर्ड हल याङवरक५ राप्ती मेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | 10,00,000.00 | 9,98,500.00 | ^ s/f]8 ($ nfv |
| ढाड गाउँदेखि कावेली घाट सडकड्रिम इन्जिनियर्स प्रा.लि. | १५ शैया अस्पताल याङवरक राप्ती मेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | 3,50,000.00 | 3,33,350.00 | |
| नदिजन्य पदार्थ संक्षिप्त वातावरणीय अध्ययन | पब्लिक इन्जिनियरिङ एण्ड इन्भारोमेन्ट कन्सल्ट प्रा.लि. सुनसरी | 5,00,000.00 | 4,97,200.00 | !$ nfv |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | संगठन तथा व्यवस्थापन सर्वे | हिमालयन सामाजिक परामर्श केन्द्र प्रा.लि. | 5,00,000.00 | 4,00,087.8 | | |
| | | | सडक गुरु योजना | स्थानीय विकास सहकार्य केन्द्र प्रा.लि. | 10,00,000.00 | 10,00,000.00 | | |
| | | | **जम्मा** | | | **6523437.80** | | |
| २८ | | | **ढुवानी रकम बढी भुक्तानी**<br>स्वीकृति जिल्ला दररेट अनुसार ढूवानी रकम भुक्तानी गर्नुपर्दछ। एम इट्टा उद्योग फिदिम पाँचथरबाट 12350 वटा इट्टा फिदिम देखि याङवरक 4 सम्म ट्रकबाट ढुवानी गरेवापत प्रति कि.मि. प्रतिटन रु. 26 ले ढुवानी गर्ने जिल्ला दररेट स्वीकृत भएकोमा उक्त 12350 वटा इट्टाको प्रतिइट्टा 2.85 के.जी ले हुने (35.197 टन * 50 कि.मि. * रु. 26) रु. 45756.1 को मू.अ.कर रु. 5948.29 समेत गरी जम्मा रु. 51704.39 भुक्तानी गर्नुपर्नेमा सामुदायिक भवन निमार्ण उपभोक्ता समिति याङवरक 4 पाचँथरलाई रु. 125599।5 मू.अ.कर समेत भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. 73895।10 असूल गर्नुपर्ने देखिएको रु. | | | | | ७३,८९५.१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **सफ्वेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. 8,38,680।00 खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। | |

| **सफ्टवेयरकोनाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|
| येजनासञ्चालनसफ्टवेयर | योजनातथाकार्यक्रमकोकागजाततयारतथाअभलेख | 226000 |
| पिआइएस | कर्मचारीअभलेख | 113000 |
| दैनिकप्रशासन | सिफारिस | 497680 |
| | **जम्मा** | **8,38,680।** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **कार्यसम्पादन जमानतको म्याद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको अवधि त्यस्तो सम्झौतामा उल्लिखित प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। कार्य सम्पादन जमानतको अवधि घटी भएको अवस्थामा खरिद सम्झौतासमेत गर्न नमिल्नेमा निर्माण व्यवसायीसँग घटी अवधिको कार्य सम्पादन जमानत पेश भएको अवस्थामा पनि सम्झौता गरेको देखियो। लेखापरिक्षणमा औल्याएपछि 3 वटा निर्माण कार्यको जमानतको म्याद थप गरेको प्रमाण पेश भएको र देहायको 1 निर्माण कार्यको नियमको प्रावधानअनुसार जमानतको अवधि थप गर्नुपर्ने देखिएको रु. | |

| **कामको विवरण** | **निर्माण व्यावसायी** | **कार्य सम्पन्न मिति (म्याद थप समेत)** | **वारेन्टि पिरियड/त्रुटि सच्चाउने विधि** | **कार्यसम्पादन जमानको म्याद** | **कार्यसम्पादन जमानत रकम** |
|---|---|---|---|---|---|
| केराबारी लुम्बु ठोटनु खानेपानी योजना | पपइया कन्स्ट्रक्सन प्रा.लि.ताप्लेजुङ्ग | 2078/4/31 | 2079/5/30 | 2079/4/15 | 1750000 |
| | **जम्मा** | | | | 1750000 |

**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु १७५००००/- प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको )**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **बिमा**<br>सार्वजनिक खरिद ऐनको खरिद नियमावली 2064 को नियम 112 बमोजिम 10 लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी खरिद सम्झौता बमोजिम बिमा बापतको रकम भुक्तानी गर्दा बिमा गरेको पोलिसी र प्रिमियम तिरेको रसिद संलग्न गरी भुक्तानी गर्नुपर्दछ। यस वर्ष देहायका खरिद संम्झौता भएमा निर्माण व्यावसायीले विमा गराएको देखिएन। अतः निर्माण कार्यको बिमा गराउनु पर्दछ। | |

| सि.नं. | कार्यविवरण | आपूर्तिकर्ता | सम्झौतारकम (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1. | वर्थिङ सेन्टर निर्माण, बेतानी | माङनेनालुङ्ग कन्स्ट्रक्सन प्रा.लि. याङवरक | 7546141 |
| 2. | गाउँपालिका प्रशालिका प्रशासकीय भवन | महादेवि खिम्ति अञ्जना हिमतारा जे.भि. | 59143056.74 |
| 3. | 2 नं. वडा कार्यलय भवन | हिमतारा आ. के. जे.भि. | 17048982.12 |
| 4. | स्टोर भवन निर्माण | याङतारु निर्माण सेवा | 2547062.44 |
| 5. | याङबरक पोखरी पूर्वाधार आयोजना | हिमतारा पूर्वाधार विकास कम्पनी प्रा.लि | 1847578.23 |
| 6. | चिण्डे असिने वृहत खा.पा. आयोजना | पिङकि कन्स्ट्रक्सन प्रा.लि. | 56463257 |
| | **जम्मा** | | **144596078।** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **निर्माण व्यवसायीबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(13क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ। केही उपभोक्ता समितिबाट गरिएका निर्माण कार्यको नमुना छनोट गरी परीक्षण गरेकोमा ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
पालिकामा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिन्छ। यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन नगरेकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>योजना</th><th>संझौता रकम (उपभोक्ता अंश समेत)</th><th>विवरण</th><th>निर्माण व्यासायी</th><th>कर बिजक रकम</th></tr>
<tr><td>21-077/7/24</td><td>बोझेनी फुसेवुङ मोटरबाटो स्तरोन्नती योजना</td><td>1203925</td><td>उपभोक्ता समितिसँग संझौता भएको माटो र चट्टान काट्ने कार्य</td><td>क्यापीटल टेक्नोलोजी मल्टीप्रपोज कन्स्ट्रक्सन</td><td>991010.00</td></tr>
<tr><td>24-077/8/19</td><td>ढाँड गाउँ मोटर बाटो स्तरोन्नती</td><td>585424</td><td>माटो र चट्टान काट्ने कार्य</td><td>क्यापिटल टेक्नोलोजि मल्टीप्रपोज कन्स्ट्रक्सन</td><td>539010.00</td></tr>
<tr><td>126-078/1/2</td><td>नाम्रेक नखेवा टावरडाडा मोटरबाटो</td><td>1175837</td><td>माटो काट्ने ढुङ्गा काट्ने साइड सफा गर्ने</td><td>शक्तिश्वरी कन्स्ट्रक्सन हेटौडा मकवानपुर</td><td>693300.00</td></tr>
<tr><td>105-078/12/5</td><td>अधिकारी टोल क्यापस कोल्बोटे स्तरोन्ती</td><td>1758543</td><td>नरम माटो, नरम ढुङ्गा, कडा चट्टान</td><td>शक्तिश्वरी कन्स्ट्रक्सन हेटौडा मकवानपुर</td><td>1166665.20</td></tr>
<tr><td>62-077/10/11</td><td>सिलेसिले अमलेडाडा नखेवा सडक</td><td>895553</td><td>नरम माटो चट्टान, कडा चट्टान</td><td>चौवन्दी कन्स्ट्रसन</td><td>751907.65</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>4141893। 00</td></tr>
</table>
( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु ४१४१८९३/- लेखा समिति र गाँउसभाको निर्णयको प्रमाण पेश भएको आधारमा फस्यौंट गरिएको )
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **अनुदान किस्ता**<br>सुरक्षित नागरिक आवास कायान्वयन कार्यविधि, 2075 को दफा 5(7) अनुसार स्थानिय तहसँग सम्झौता भए पश्चात पहिलो किस्ता 60 प्रतिशत र निर्माण कार्य सम्पन्न पश्चात दोश्रो तथा अन्तिम किस्ता 40 प्रतिशत उपलब्ध गराउने व्यवस्था छ। गाउँपालिकाले दिएको विवरण अनुसार 6 वटा वडामा कार्यक्रम सञ्चालन भएकोमा यस वर्ष छनोट भएको 492 मध्ये 457 र गत आ.ब. मा छनोट भएका 3 समेत 460 जनालाई प्रथम किस्ता उपलब्ध गराएकोमा सो मध्ये 93 जनालाई कार्य सम्पन्न पश्चात दोश्रो तथा अन्तिम किस्ता बुझाएको देखियो। 367 जनालाई दोश्रो किस्ता कार्यसम्पन्न नहुदा भुक्तानी नभएकोले प्रथम किस्ताको जनहि रु. ३००००। का दरले रु. ११01००००।00 प्रदान गरेको रकम सदुपयोग भएको सुनिश्चित नभएको रु.<br><br>**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु ११०१००००/- कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको )** | |
| ३४ | | | **मूल्य अभिवृद्धि कर**<br>मूल्य अभिवृद्धिकर ऐन 2052 को दफा 15(1) बमोजिम दर्ता नभएको व्यक्तिले कर असूल गरेको देखिने कुनै बिजक जारी गर्न र कर उठान नमिल्ने र उपनियम 2 बमोजिम दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी असूलउपर गरिने व्यवस्था छ। आन्तरिक राजस्व विभागको स्थायी लेखा नम्बर खोजी परिक्षण गर्दा विक्रेताको स्थायी लेखा नम्बर ६००८३८६७४ मा बुद्ध एग्रोभेट फिदिम न.पा. रहेको पाइयो। सोही स्थायी लेखा नम्बरबाट घिसिङ सप्लयार्स फिदिम न.पा.-1 पाँचथरले बिजक जारी गरी मूल्य अभिवृद्धि कर रु. 6812।38 भुक्तानी लिएको देखिदा दर्ता नभएको जानकारी सम्बन्धित कर कार्यालयमा दिई नियमानुसार मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने देखिएको रु.<br><br>**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु ६२१२.३८/- वितरण गरेको प्रमाण पेश भएको आधारमा फर्स्यौट गरिएको )** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४०१ जनालाई रोजगारी उपलव्ध गराई रु. 1,46,38,599। खर्च गरेको छ। लक्षित वर्गलाई २२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | |
| ३६ | | | **सामाजिक सेवा सुरक्षा कर**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत भएका बिपन्न श्रमिकको ज्याला रु. 1,46,38,599। भुक्तानी गर्दा सो मध्ये रु. 25,18,876। को 1 प्रतिशत सामाजिक सेवा सुरक्षा कर रु. 25,188।76 कट्टी गर्नुपर्नेमा कट्टा नगरी भुक्तानी गरेकोले असूल हुनुपर्ने रु.<br><br>**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु २५११८.७६/- असुल प्रमाण पेश भएको आधारमा फस्योंट गरिएको )** | |
| ३७ | | | **अनुगमन नभएको**<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत यस गाँउपालकिामा पकेट कार्यत्रम लागु भएको छ। पकेट कर्यत्रम अर्न्तगत अकवरे खेती कुल क्षेत्रफल २८० रोपनीमा विनियोजति बजेटमा २४०००००। खर्च भएको पाइयो। उक्त क्षेत्रमा पालिकाको अनुगमन गरेको पाइएन। परियोजना निर्देशिका अनुसार अनुगमन हुनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>अनुदान पाउने निकायबाट खर्चको विवरण, वित्तिय तथा भौतिक प्रगति र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गर्नुपर्दछ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको वर्षान्तको अन्त्यमा निम्न विद्यालयलाई निकासा दिइ खाता रोक्का राखेकोमा लेखापरीक्षण अबधि सम्म खर्चको विवरण, वित्तिय तथा भौतिक प्रगति र कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकोले खर्च भएको एकिन गर्न नसकिएको हुदाँ स्थानिय तहको काम भएको सिफारीस सहित कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्ने दखिएको रु.
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>बापत</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>गणेश माध्यामिक विद्यालय, याबरक-६</td><td>2 कोठे भवन निर्माण</td><td>१८,००,०००।००</td></tr>
<tr><td>२</td><td>विष्णु मा.वि.यॉंगबरक</td><td>2 कोठे भवन निर्माण</td><td>१८,००,०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>3600000।00</td></tr>
</table>
( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु ३६०००००/- कार्यसम्पन्न प्रतिवेदन पेश भएको आधारमा फस्र्यौट गरिएको )</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>तलबी प्रतिवेदन<br>शिक्षा नियमावली २०५९ अनुसार कार्यरत शिक्षकको सेवा वार्षिक तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गरी खर्च गर्नुपर्नेमा तलबी प्रतिबेदन पारित नगरी रु. 93415926।89 खर्च लेखेको छ। तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>निकासा खाता<br>यस गाउँपालिका अन्तर्गत ६ माध्यमिक विद्यालय ३७ आधारभुत विद्यालय समेत ४३ वटा रहेकोमा विद्यालयगत निकासा खाता नराखेकोले विद्यालयहरुलाई निकासा भएको रकम ठिक छ भनि यकिन गर्ने आधार देखिएन। अतः पालिकाले विद्यालयगत निकासा खाता राख्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७7/७8) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा, अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति, विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरी दिवा खाजा व्यवस्थापन वापत निकासा भएको छ। IEMIS अधावधिक, नभएको र दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश भएको छैन। गाउँपालिकाले उपाध्यको अध्यक्षतामा सबै विद्यालयका प्र.अ. हरुको बैठकमा विद्यालय सञ्चालन गर्ने निर्णय गरेतानि कुन मिति देखि सञ्चालन गर्ने भन्ने उल्लेख गरेको छैन। अत गाउँपालिकाले अनुगमन गरी, हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नु पर्दछ। | |
| ४२ | | | **एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली**<br>हरेक विद्यालयले शैक्षिक शत्रमा भर्ना भएका विद्यार्थिको विवरण IEMIS मा समयमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। विद्यालयले तोकिएको समयभित्र समयभित्र विद्यार्थिको डाटा अद्यावधिक गरेको देखिएन। विद्यालयले राखेको विद्यार्थिको डाटाको अनुगमन गरी यथार्थ डाटा तयार गरी प्रतिवेदन गर्नुपर्नेमा सो कार्य शिक्षा शाखाबाट समिति गठन गरि प्रतिवेदन तयार गरेको देखिएन। विद्यालयलाइ निकासा गरिएको दिवा खाजा खर्च, छात्रावृत्ति, दलित छत्रावृत्ति लगाएका अनुदान यर्थाथ विवरणको कमिले एकिन गर्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **पाठ्यपुस्तक वितरण**<br>पाठ्य पुस्तकको अनुदान निकासा गर्दा विद्यार्थिको संख्या एकिन गरि रकम निकासा गर्नुपर्नेमा केहि विद्यालयको वितरण भरपाइ नमुना परीक्षण गर्दा बढी निकासा भएको देखिएकोमा अन्य विद्यालयको पालिकाले बिलभरपाइ जोडजम्मा गरी बढी निकासा भए नभएको एकिन गर्नुपर्दछ। सो एकिन गरी मात्र रकम निकासा गर्नुपर्दछ। देहायका विद्यालयमा बढी रकम निकासा भएको हुदा असूल गर्नुपर्ने रु.<br><table><tr><th>विद्यालय</th><th>कक्षा</th><th>खरिद भएको पा.पु.</th><th>वितरण भएको पा.पु</th><th>मौजुदा पा.पु.</th><th>मूल्य प्रति सेट</th><th>जम्मा रकम</th></tr><tr><td>गुप्तेश्वर मा.वि. ओयाम</td><td>6</td><td>42</td><td>29</td><td>13</td><td>713</td><td>9269</td></tr><tr><td>सूर्यप्रभात आ.वि. मुक्लाबु</td><td>1</td><td>8</td><td>6</td><td>2</td><td>519</td><td>1038</td></tr><tr><td></td><td>2</td><td>8</td><td>6</td><td>2</td><td>557</td><td>114</td></tr><tr><td></td><td>4</td><td>19</td><td>17</td><td>2</td><td>370</td><td>740</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>12161</td></tr></table>**( कार्यालयको च न. ३०० मिति २०७८-०८-१४ को निर्णयानुसार प्रतिक्रिया उपर कारवाही हुँदा रु १२१६१/- सक्कलै भौचर प्रमाण पेश भएको आधारमा फस्र्योट गरिएको** ) | |
| ४४ | | | **शिक्षक विद्यार्थी अनुपात**<br>शिक्षा ऐन, २०२८ को (नवौ संसोधन २०७४) तथा शिक्षा नियमावली, २०५९ को (नवौ संसोधन, २०७४) बमोजिम पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४5 भएको र यस वर्ष यस गाउँपालिका अन्तर्गतका 43 विद्यालयमा 191 शिक्षक दरबन्दी रहेकोमा विद्यार्थी संख्या 3855 रहेकोले शिक्षक विद्यार्थी अनुपात १:20 रहेको देखियो। विद्यार्थी संख्या, भौगोलिक अवस्था, विद्यालय पुग्न लाग्ने समय, दुरी तथा पढाईबाट बञ्चित नहुने आदि अवस्था विचार गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने व्यवस्था गर्नुपर्नेमा सो अनुसार भएको देखिएन। अतः गाँउपालिका समेतले अनुगमन गरी गाउँपालिका, शिक्षा विकास तथा समन्वय ईकाई र स्थानीय समुदायबीच समन्वयको व्यवस्था मिलाई शिक्षक दरबन्दी मिलान तथा विद्यालय गाभ्ने कार्यमा सहजता ल्याउनुपर्दछ। | |
| ४५ | | | **औषधि खरिद**<br>null | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **सशर्त अनुदान सामाजिक सुरक्षा कार्यक्रमतर्फ**<br>null | |
| ४७ | | | **कृषि अनुदानहरु**<br>कृषि प्रसार कार्यक्रम निर्देशिका, २०७२ तथा कार्यक्रम सञ्चालन निर्देशिका अनुसार एक आर्थिक वर्षभित्र खरीद गरेका कृषि सामग्री सम्वन्धित कृषककोमा पुग्नु पर्ने तथा सम्बन्धित कृषकले उक्त मल, खाद प्रयोग गरी कृषि उत्पादनमा बृद्धि गराउन गाउँपालिकाले सहयोग पुर्‍याउनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले माछापोखरी निर्माण, नर्सरी व्यवस्थापन, पकेट विकास कार्यक्रम समेत गरि रु. 2800000। वितरण गरेको पाइयो। | |
| ४८ | | | **पशुपञ्छि अनुदान**<br>गाउँपालिकाले यस वर्ष पशुपञ्छि शाखा अर्न्तगत विभिन्न समुह सहकारीहरुला ्इ वितरण गरेको अनुदानहरुमा बंगुरपालन कार्यक्रम, डेरी उद्योग प्रर्वद्धन कार्यक्रम, बाख्रापालन र पर्वद्धन कार्यक्रम अर्न्तगत . 2650000। वितरण गरेको पाइयो। | |
| ४९ | | | **आर्थिक सहायता**<br>आकस्मिक कोष व्यवस्थापन कार्यविधि, २०७५ को दफा 10 बमोजिम आर्थिक साहयाता प्रदान गर्नु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्ष आर्थिक सहायता रु. 5,22,000। वितरण गरेको छ। | |
| ५० | | | **कोरोना खर्च**<br>कोभीड १९ को व्यवस्थापन गर्न पालिकाले दिएको विवरण अनुसार कोभिड व्यवस्थापनका लागि रु. 23,91,017।00 खर्च गरेको पाइयो। कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ पालना गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **सेवा प्रवाह**<br>गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ। | |

| क्र.स. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| 1. | नागरिकता सिफारिस | २९६ | २८४ |
| 2. | घरबाटो सिफारिस | १०९ | १०३ |
| 3. | नाता प्रमाणित | १०१ | १०० |
| 4. | जन्म, | ५७९ | ५७९ |
| 5. | मृत्यु | १४८ | १४८ |
| 6. | विवाह | १३० | १३० |
| 7. | वसाइसराइ | १४२ | १४२ |
| 8. | सम्बन्ध विच्छेद | ४ | ४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **धरौटी फिर्ताः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४(२) मा आपूर्तिकर्तारपरामर्शदाताले सम्बन्धित आन्तरिक राजस्व पालिकामा कर विवरण पेश गरेको प्रमाण कागजात र अर्थ मन्त्रालयको प.सं. २०६९/७० च.नं. ३६९ मिति २०६९/६/१७ को परिपत्र बमोजिम मू.अ.कर समायोजन गरेको प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका आपूर्तिकर्ता/परामर्शदातालाई धरौटी रु. 148115। मू.अ. कर समायोजन गरेको प्रमाणबेगर फिर्ता गरेकोले सो प्रमाण पेश गर्नुपर्ने रु.<br><br>**आपूर्तिकर्ता/परामर्शदाता** — **धरौटीफिर्तारकम**<br>न्यु पाथिभरा कम्प्युटर ट्रेड — 54215<br>श्री युमा एण्ड सावाहाङ फिदिम१ — 63000<br>सनसाइन इनर्जी हाउस — 30900<br>**जम्मा** — **148115** | १४८,११५ |
| ५३ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको अन्तर सरकारी वित्तिय हस्तान्तरण र राजश्व बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की बाँकी<br>सम्झौताअनुसार दिएको पेस्की रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट हुन बाँकी गत आ.ब.को समेत पेश्की रु. 8611658। मध्ये रु. २७,००,०००।०० फछ्र्यौट भई पेश्की बाँकी 5911658। रहेको देखियो। बाँकी पेश्की मध्ये यो वर्ष 3 वटा संस्थाको म्याद ननाघेको पेश्की बाँकी रु. 1911658। नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td></td><td>ब.उ.शि.नं. सर्शत अनुदान प्रदेश</td><td></td></tr>
<tr><td>1</td><td>सिमले जलउपभोक्ता संस्था</td><td>1272000।</td></tr>
<tr><td>2</td><td>सिरिशे सिचाइ जलउपभोक्ता संस्था</td><td>639658।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1911658।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सशर्त अनुदान स्वास्थ्य तर्फः-<br>औषधि खरिदः- सार्वजनिक निकायले खरिद कार्य प्रतिशपर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ। गाँउपालिकाले यस वर्ष रु. 43 लाख 24 हजारको निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरी अन्तर्गतका 7 वटा स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको छ। स्वास्थ्य संस्थाहरुबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई पटक पटक खरिद गरेको छ। यसरी खरिद गर्दा प्रतिस्पर्धा र मितव्ययी भएको देखिदैन। खरिद कार्यलाई प्रभावकारी बनाई प्रतिस्पर्धाको माध्यम अपनाई खरिद गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धि देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य पालिकाहरुको बाँकी मौज्दात एकिन नगरेको,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.२ | | | आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५५.३ | | | आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन । | |
| ५५.४ | | | औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ५५.५ | | | तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.६</td><td></td><td></td><td>खरिद औषधिको उत्पादन एवं म्याद गुज्रेको:- प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७४।७५ बमोजिम औषधि खरिद गर्दा १८ महिना अवधि भएको वा Self Life को दुई तिहाई अवधि भएको औषधि मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी सार्वजनिक लेखा समितिले वार्षिक प्रतिवेदनमा म्याद नाघेका औषधिका सम्वन्धमा म.ले.प. को सुझाव बमोजिम गर्ने निर्णय गरेको देखिन्छ। पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधि तथा सर्जिकल सामानहरुमध्ये 5 प्रकारका औषधिहरुको परीक्षण गर्दा उत्पादन एवं म्याद गुज्रेको औषधिहरुको अवस्थाका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन।
<table>
<tr><th>क्र.सं.</th><th>औषधि/सर्जिकल सामानहरुको नाम</th><th>इकाई</th><th>म्याद समाप्त मिति</th></tr>
<tr><td>1.</td><td>Pyrazinamide 400 mg Tablet</td><td>984</td><td>जनवरी 2021</td></tr>
<tr><td>2.</td><td>Vitamin k 1 ml Injection</td><td>34</td><td>अप्रिल 2021</td></tr>
<tr><td>3.</td><td>Alprazolam 0.25 mg Tablet</td><td>170</td><td>जुलाई 2021</td></tr>
<tr><td>4.</td><td>Determine HIV Test Kits</td><td>180</td><td>अगस्ट 2021</td></tr>
<tr><td>5.</td><td>Paracetamol injection 1 gram</td><td>8</td><td>जुन 2021</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सशर्त अनुदान सामाजिक सुरक्षा कार्यक्रमतर्फ<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस वर्ष पालिकाले रु. 3,97,74,029। सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् -</td><td></td></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>वितरण व्यवस्था:- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज २८, दोश्रो फागुन ९ र तेश्रो असार २ गते निकाशा गरेको देखियो। कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.२ | | | **पारदर्शिता:-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३ (घ) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन। | |
| ५६.३ | | | **निरीक्षण तथा अनुगमन:-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित केन्द्रीय पञ्जीकरण विभागले विशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको पालिकाले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। | |
| ५६.४ | | | **सार्वजनिक सुनुवाई:-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन। कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ। | |
| ५६.५ | | | **बैंकमार्फत भुक्तानी:-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम सिभिल बैंक र सप्तकोशी विकास बैक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराएको छ। | |
| ५६.६ | | | **एम.आई.एस. मा प्रविष्टि:-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा पालिकामा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्नेछ भन्ने व्यवस्था छ। पालिकाले निर्दिष्ट समयभित्र एम.आई.एस. अभिलेख राखेको देखिएन। | |
| ५६.७ | | | **मुल अभिलेख:-** सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका लाभग्राहीको लगत कट्टी गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले बसाई सराई र मृत्यु भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन। जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.८</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाँउपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा सो समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण संख्या र लगत कट्टा संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन। अतः निर्देशिकाले तोकेबमोजिम गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बेरुजु सम्परीक्षण स्थिति<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 39(1) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम 98(2) बमोजिम लेखापरीक्षणबाट कायम भएको बेरुजु प्रमाण पेश गरी नियमित गरी वा असूल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने व्यावस्था छ। सम्परीक्षणको लागि लेखि आएको रु. 27,00,000।00 मध्ये रु. 27,00,000।00 संपरीक्षण भएको व्यहोरा जानकारी गराइन्छ। अतः नियमानुसार बाँकी बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>आर्थिक वर्ष</th><th>दफा नं.</th><th>संम्परीक्षणको व्यहोरा</th><th>संम्परीक्षण रकम</th></tr>
<tr><td>1.</td><td>2076/ 77</td><td>35</td><td>निर्माण व्यवसायी श्री लुम्बिनि महादेव खिम्ति अन्जना हिमतारा जेभी इटहरीको मोबिलाईजेशन पेश्की गाउँपालिका भवनको गो.भा.नं. 162-078/ 1/ 28 प्रथम रनिङ बिलबाट कट्टा गरी फछ्यौट भएको आधारमा सम्परीक्षण भएको रु.</td><td>10,00,000।00</td></tr>
<tr><td>2.</td><td>2076/ 77</td><td>35</td><td>निर्माण व्यवसायी श्री हिमतारा/ आर.के.जेभी इटहरीको मोबिलाईजेशन पेश्की वडा नं. 2 वडा भवन निर्माणको गो.भा.नं. 163-078/ 1/ 28 दोस्रो रनिङ बिलबाट कट्टा गरी फछ्यौट भएको आधारमा सम्परीक्षण भएको रु.</td><td>17,00,000।00</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>27,00,000।00</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>संम्परीक्षण अनुगमन तथा मूल्याङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (क)</th><th>यो वर्ष फछ्यौट (ख)</th><th>बाँकी (ग)=(क)-(ख)</th></tr>
<tr><td>२,२४,८९,000।00</td><td>27,00,000।00</td><td>1,97,89,000।00</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>अद्यावधिक बेरुजु स्थिति<br>याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ।
<table>
<tr><th>गत वर्षसम्मको फछ्यौट गर्न बाँकी (रु.) (ग)</th><th>यो वर्षको सं पं. बाट कायम बेरुजु रु. (घ)</th><th>यो वर्षको कायम बेरुजु रु. (ङ)</th><th>बाँकी छ =(ग+घ+ङ)</th></tr>
<tr><td>1,97,89,000।00</td><td>00.00</td><td>2,77,58,950।11</td><td>4,75,47,950।11</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु रकम असुल फछ्र्यौट गरिनुपर्दछ।</td><td></td></tr>
</table>